annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८३ पृष्ठ ८ | काठमाडौं, मंगलबार ८ साउन २०८१ | साउन कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४४ | TUESDAY, JULY 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## विपद्सँग जुध्ने जोहो



**जनकराज पन्त**

इजलास

मनसुन सुरु भएको १ महिना भइसकेको छ। अहिलेसम्म हामी कहाँ त्यस्तो विपद्का घटनाहरू भएका छैनन्। प्राकृतिक विपद्को सामना गर्न नपरोस् पनि। यद्यपि मनसुनको समय अझै पनि कायम रहेकाले जिल्लामा सम्भावित विपद् आइपरेमा त्यसतर्फ हामी निकै सचेत भएर बसेका छौं।

हामीले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना बनाइसकेका छौं। मनसुनको अवस्थालाई मध्यनजर गर्दै केन्द्रको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरण तथा व्यवस्थापन प्राधिकरण र मन्त्रालयको आपतकालीन सञ्चालन केन्द्र र विपद् व्यवस्थापन महाशाखासँग समन्वयात्मक रूपले हामीले विपद् मनसुनको पूर्वतयारी तथा प्रतिकार्य योजना बनाएर जिल्लामा हुनसक्ने क्षेत्रलाई नक्सांकन गरिसकेका पनि छौं। विपद् आउनसक्ने क्षेत्रलाई पहिचान गर्दै त्यस्ता क्षेत्रमा कसरी विपद्लाई व्यवस्थापन गर्ने भन्नेतर्फ लागिपरेका छौं। हामीले विपद् प्रतिकार्यलाई संस्थागत संरचना र आवश्यक लजिस्टिक सपोर्ट र आवश्यक सामग्रीको व्यवस्था गरेका छौं।

जनशक्तितर्फ सुरक्षाका तीनवटै निकायलाई आवश्यक स्रोतसाधनसहित तयारीमा राखेर जिल्ला र्‍यापिट रेस्पोन्स टिमलाई निर्देशन दिइएको छ। विपद् आइपरे तुरुन्तै उद्धार र व्यवस्थापनमा खटिन सक्ने गरी अघि बढेका छौं।

विपद्सँग जोडिने सबै शाखा कार्यालयहरूलाई आफ्नो कार्यक्षेत्रमा रहेर विपद् पर्दा र त्यसको कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा आवश्यक निर्देशन दिएका छौं। जिल्लामा विपद्का घटना आइलागे र सडक अवरुद्ध भएमा संघ तथा प्रदेश सरकारसँग हेलिको व्यवस्थापन गर्न यसअघि नै पत्रचार भइसकेको छ। राजमार्ग सडक अवरुद्ध भएमा खुलाउन '५/१० किलोमिटरको दुरीमा सडक खुलाउनका लागि उपरकण व्यवस्थापन गर्न निर्देशन भएको छ। रेडक्रससँग पनि ५० घरधुरीलाई पुग्ने गरी आवश्यक राहत तथा व्यवस्थापनका सामग्री व्यवस्थाप भइसकेको छ।

जिल्ला विपद् व्यवस्थापन कोषमा प्रदेश र संघीय सरकारबाट प्राप्त करिब ५० लाख बजेट मौज्याद छ। जिल्लामा सम्भावित विपद्का घटना आइपरेमा खुला क्षेत्रको पहिचान, समाज घर, आमा समूहको घर, क्लब र विद्यालयमा व्यवस्थापन गर्ने तयारी भइसकेको छ।

*(पन्त, मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी हुन्।)*

# यातायातमा दुई दिनदेखि सर्भर डाउन, देशभर सेवा ठप्प

### भेन्डरको मनोमानी, कर्मचारी निरीह



**सर्भर बिग्रिएर सेवा अवरुद्ध हुँदा समस्यामा परेका सर्वसाधारण सोमबार दिउँसो यातायात कार्यालय ठूलोभर्‍याङबाहिर हो–हल्ला गर्दै।**

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

दुई दिनदेखि सर्भर डाउन हुँदा देशभरको यातायात कार्यालयका सेवा ठप्प भएका छन्। सेवा लिन गएका सेवाग्राही र कर्मचारीबीच तनावको अवस्था पनि सिर्जना भएको छ। यातायात कार्यालयहरू अस्तव्यस्त छन्।

सेवा प्रवाहमा व्यस्त सरकारी कार्यालयमध्ये यातायात व्यवस्था मुख्य हुन्। यातायात कार्यालय सधैं भीडभाड नै हुन्छन्। काठमाडौंका चार कार्यालयले मात्रै दैनिक ४ हजारभन्दा बढीलाई सेवा दिने गरेका छन्। देशभर यातायात कार्यालयबाट दैनिक हजारौंले सेवा लिने गरेका छन्। काम नभएपछि सेवाग्राहीहरू कर्मचारी खनिन थालेका छन्। कर्मचारीमाथि हातपातको अवस्था पनि ठाउँ-ठाउँमा हुने अवस्था आएको छ।

कतिपय कार्यालयमा सेवाग्राहीको आक्रोशका कारण कर्मचारी दिउँसै कार्यालय छाडेर हिँडेका छन्। यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, ठूलो भर्‍याङका प्रमुख विमलप्रसाद भट्टराईले सर्भर डाउन हुँदा कार्यालयहरू ठप्प भएको पुष्टि गरे। उनले भने, 'सर्भर डाउन हुँदा सेवा प्रवाह अवरुद्ध भएको छ, कार्यालयहरू ठप्प छन्।'

उनले यो समस्या तत्काल सुधार गर्नुपर्ने औंल्याउँदै त्यसले कर्मचारी र सेवाग्राहीबीच दरार सिर्जना भएको बताए। सर्भर समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने उनको भनाइ छ।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

# कर्णालीका पालिकामा छिर्‍यो बेरुजुको रोग

### पालिकैपिच्छे आर्थिक अराजकता, फजुल खर्चमै सकिन्छ करोडौं बजेट

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

**- को रिपोर्ट**

२०७४ सालयता जम्मा बेरुजु

| पालिका | बेरुजु |
|---|---|
| जाजरकोट | |
| शिवालय गाउँपालिका | २५ करोड ७५ लाख ५२ हजार |
| कुसे गाउँपालिका | १८ करोड ५७ लाख ६८ हजार |
| जुनिचाँदे गाउँपालिका | २४ करोड ९९ लाख ४ हजार |
| छेडागाड नगरपालिका | २८ करोड २७ लाख ५५ हजार |
| भेरी नगरपालिका | ९ करोड २८ लाख ७८ हजार |
| बारेकोट गाउँपालिका | १६ करोड ९४ लाख १ हजार |
| नलगाड नगरपालिका | १४ करोड ९७ लाख ३७ हजार |
| सुर्खेत | |
| वीरेन्द्रनगर नगरपालिका | ८० करोड ७७ लाख ६६ हजार |
| भेरीगंगा नगरपालिका | ४३ करोड ४२ लाख ५१ हजार |
| बराहताल गाउँपालिका | २१ करोड ९४ लाख ६४ हजार |
| चौकुने गाउँपालिका | ३६ करोड १४ लाख १८ हजार |
| चिङगाड गाउँपालिका | १२ करोड ६३ लाख ६५ हजार |
| गुर्भाकोट नगरपालिका | २९ करोड ५० लाख १८ हजार |
| लेकबेंसी नगरपालिका | ३३ करोड १८ लाख २१ हजार |
| पञ्चपुरी नगरपालिका | २३ करोड ६३ लाख ३५ हजार |
| सिम्ता गाउँपालिका | २५ करोड ५६ लाख ८३ हजार |
| रुकुमपश्चिम | |
| मुसिकोट नगरपालिका | १७ करोड ८१ लाख २० हजार |
| चौरजहारी नगरपालिका | २९ करोड ४८ लाख ६८ हजार |
| आठबिसकोट नगरपालिका | २६ करोड ७ लाख २६ हजार |
| बाँफीकोट गाउँपालिका | १६ करोड ७८ लाख ६८ हजार |
| सानीभेरी | १० करोड ५४ लाख ३८ हजार |
| त्रिवेणी गाउँपालिका | २० करोड १४ लाख २२ हजार |
| डोल्पा | |
| ठूलीभेरी नगरपालिका | ४३ करोड ३७ लाख ३७ हजार |
| त्रिपुरासुन्दरी नगरपालिका | २६ करोड १० लाख ४० हजार |
| शे-फोक्सुन्डो गाउँपालिका | २ करोड ३५ लाख ८६ हजार |
| मुड्केचुला गाउँपालिका | २१ करोड ५२ लाख ९५ हजार |
| काइके गाउँपालिका | ७ करोड ८३ लाख १५ हजार बेरुजु |
| जगदुल्ला गाउँपालिका | ४ करोड ४ लाख २५ हजार |
| डोल्पा बुद्ध गाउँपालिका | ११ करोड ६२ लाख ९१ हजार |
| छार्का ताङसोङ गाउँपालिका | ६ करोड ५३ लाख ७१ हजार |
| हुम्ला | |
| सिमकोट गाउँपालिका | ७ करोड ४३ लाख १२ हजार |
| ताँजाकोट गाउँपालिका | १८ करोड ५५ लाख ९१ हजार |
| सर्केगाड गाउँपालिका | ३२ करोड ४२ लाख २२ हजार |
| नाम्खा गाउँपालिका | ४ करोड ३९ लाख ३३ हजार |
| खार्पुनाथ गाउँपालिका | ६ करोड ५६ लाख ३३ हजार |
| चंखेली गाउँपालिका | २० करोड ८३ लाख १५ हजार |
| अदानचुली गाउँपालिका | २३ करोड ६२ लाख ४ हजार |

समाचार पृष्ठ २

# पूर्वराज्यमन्त्री रायको हत्या

**सुनिल ठाकुर** | *मलंगवा*



धान रोपाइँ गराउन सर्लाहीको चन्द्रनगर गाउँपालिका-१ पुगेका पूर्वभूमि सुधार राज्यमन्त्री रामचन्द्र रायको आइतबार राति हत्या भएको छ।

मलंगवा नगरपालिका-४ का ८० वर्षीय रायको उखु काट्ने धारिलो हतियारले हत्या गरिएको छ। ३ जनाको समूहमा आएका अज्ञात व्यक्तिले रायको हत्या गरेको हो। रायको करिब साढे ११ बजे राति हत्या भएको अनुमान गरिएको छ। राय उक्त घरमा सहयोगी रामउजैन रायको साथमा बस्दै आएका थिए।

गाउँमा भोज खाएर घर फर्केका रायलाई भेट्न करिब ८ बजे ३ जना आएको उनका सहयोगले बताएका छन्। उनीहरू कुरा गर्न थालेपछि सुत्न आफू छतमा गएँ। शौच गर्नका लागि करिब १२ बजे छतबाट तल आउँदा राय सुत्ने कोठा खुला देखें। टर्च बालेर हेर्दा रगतले लतपत भएको अवस्थामा रायलाई देखेपछि स्थानीयवासी र परिवारजनलाई फोन गरेको सहयोगले बताएका छन्।

रायको टाउकोको बायाँ भागमा हतियार प्रहार गरी हत्या गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षकक दीपक श्रेष्ठले जानकारी दिएका छन्। उनका सहयोगीसँग अहिले जिल्ला प्रहरी कार्यालय मलंगवामा सोधपुछ भइरहेको छ। घटनाको सूक्ष्म तरिकाले अनुसन्धान भइरकेको प्रहरी नायव उपरीक्षकक श्रेष्ठले बताएका छन्। हत्या गर्न प्रयोग गरिएको हतियार घरभन्दा केही मिटर पर बाँसको झाँगमा फेला परेको प्रहरीले जनाएको छ। तालिम प्राप्त कुकुर ल्याएर पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। हत्या के कति कारणले भएको हो त्यो अहिले खुल्न सकेको छैन।

राय करिब एक सातादेखि निरन्तर रूपमा त्यहाँ धान रोपाइँ गराउनका लागि बस्दै आएको परिवारका एक सदस्यले बताएका छन्। आइतबार रोपाइँको पैसा तिर्नका लागि पैसा लिन उनी मलंगवा आएका थिए। साँझसम्म मलंगवामै बसेका राय बेलुकी पख रतनपुर गएका थिए।

राय २०५४ सालमा सूर्यबहादुर थापाको प्रधानमन्त्रीकालमा भूमिसुधार राज्यमन्त्री बनेका थिए। रायको श्रीमती, २ छोरा र ५ छोरी छन्। उनको शव अहिले प्रादेशिक अस्पताल मलंगवामै राखिएको छ।

# 'झूट बोलेको' भन्नेलाई प्रधानमन्त्रीको जवाफ, 'जथाभावी नबोल्नूस्'

**तारा चापागाई** | *काठमाडौं*

संसद्मा सोमबार प्रधानमन्त्रीले सांसदका प्रश्नको जवाफ दिने कार्यक्रम थियो। त्यसअघि शून्य समयमा माओवादीका लेखनाथ दाहालले भने, 'अदालतले समेत डेडिकेटेड र ट्रंक लाइनको महसुल उठाउन आदेश दिइसकेको अवस्थामा केही उद्योगको लाइन काटिएको हो। ती उद्योगलाई बचाउँदै हिजो प्रधानमन्त्रीले रोष्टमबाटै सफेद झूट बोल्नुभयो।'

जवाफ दिने क्रममा प्रधानमन्त्री केपी शर्मा ओली पनि शून्य समयकै उक्त सरोकारमा छिरे। भने, 'डेडिकेटेड र ट्रंक लाइनको विवादमा मैले महसुल तिर्नु पर्दैन भनेर भनेको छैन। विवाद टुंग्याउनुपर्छ, सरकारले पाउनुपर्ने रकम असुल गर्नुपर्छ। जुन विद्युत् उपभोग गरेका छन्, त्यसको तिर्नुपर्छ। जुन प्रयोग गरेका छैनन्, त्यो तिर्नु पर्दैन।'

प्रधानममन्त्रीले संसद्मा आफू गालमुखाल गर्न नआएको र संसद्लाई हल्काफुल्का नबनाउन चुनौतीसमेत दिए। र, सभामुखलाई सम्बोधन गर्दै भने, 'हावादारी कुरा संसद्मा नबोलियोस्। मलाई कुनै लप्पनछप्पन गर्नु छैन। कुनै बैठक र कुनै तन्त्रपछि कुद्नु छैन। ६० वर्ष राजनीतिक जीवन पूरा गरें। बाँकी जीवन पनि स्वच्छतासाथ त्यतित गर्छु।'



**उद्योग बन्द गरेर समाधान हुँदैन**

प्रधानमन्त्री ओलीले उद्योग बन्द गरेर समाधान नहुने बताएका छन्। ९ वर्षदेखिको विवादलाई प्रमाणका आधारमा बसेर सल्टाउनुपर्छ कि उद्योग बन्द गराइदिने भन्दै प्रश्न राखे। प्रधानमन्त्री ओलीले ट्रंक लाइन र डेडिकेटेड लाइन भनेको तार जोड्ने मात्रै नभएर बिजुली सप्लाई गर्नेसमेत रहेको जानकारी दिए। 'यो विवाद आजको होइन। ९ वर्ष देखिको हो। आज पहिलोपटक होइन विद्युत्को लाइन काटिएको। यसभन्दा अघि पनि काटिएका छन्। विद्युत्को कुरा मिलाइए फेरि विद्युत्को लाइन दिइए। फेरि विद्युत् को लाइन काटिन्छ। फेरि मिलाइन्छ। यसरी भएन', उनले भने, 'पहिले सबै उद्योगको लाइन काटिएको होइन पहिले ६ वटा उद्योगहरूको लाइन काटेको हो। अरूको किन नकाटेको?'

**राजनीतिक दलको अफिस टाइम हुँदैन**

प्रधानमन्त्री ओलीले कांग्रेस र एमालेबीच मध्यरातमा सहमति भएको आरोपबारे जवाफ दिँदै राजनीतिक दलको कुनै अफिस टाइम नहुनेसमेत बताए। 'मैले नबुझ्या हामी यो गरिमामय सदनमा के कस्ता कुरामा अल्झिँदै छौं ? पार्टीभित्र भएका सहमति 'एएम' मा कि 'पीएम' मा हुनुपर्छ ? कति बजेर कति बजेमा हुनुपर्छ ? यस्तो कहीं कतै छ र ? यस्तो हुन्छ ? एएमभित्र सक्नुपर्छ ? यति बजेर यति मिनेट गएपछि अफिस अफ हुन्छ र ?' उनले भने, 'राजनीतिक दलको अफिस अफ हुँदैन। राजनीतिक गतिविधिको समय अफ हुँदैन। घडी अफ हुँदैन। समय गतिशील छ। थकाइ लागेकाहरू दिउँसो पनि सुत्छन्, थकाइ नलागेकाहरू बस्छन्, काम पनि गर्छन्। यस्तो सानोतिनो कुरामा टाउको दुखाएर समय खेर नफालौं।'

ओलीले मिटरब्याज (अनुचित लेनदेन), सहकारी, लघुवित्त क्षेत्र, क्रिप्टो करेन्सीको प्रयोग तथा हुन्डीलगायत माध्यमबाट भएका ठगीका घटनामाथि अनुसन्धान गरी दोषीलाई कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता गरे।

» बाँकी पृष्ठ ६